बैठक संख्या : (४८)

स्थान :गाउँपालिकाको कार्यालय, गल्छी-६ बैरेनी
मितिः २०८१ चैत्र १२ मङ्गलबार
समय : बिहान ११:०० बजे

उल्लेखित स्थान, मिति र समयमा गल्छी गाउँपालिकाको अध्यक्ष **श्री केदारनाथ खतिवडाको** अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा **गाउँ कार्यपालिकाको बैठक** बसी निम्नलिखित विषयहरुमा छलफल गरियो ।

उपस्थितिः

१. अध्यक्ष श्री केदारनाथ खतिवडा
२. उपाध्यक्ष श्री भाईकाजी तिवारी
३. सदस्य श्री यदु कुमार खतिवडा
४. सदस्य श्री षडानन्द खनाल
५. सदस्य श्री राजन भुजेल
६. सदस्य श्री राजु अधिकारी
७. सदस्य श्री सरोज लामा तामाङ
८. सदस्य श्री दिपक कुमार कार्की
९. सदस्य श्री हरि प्रसाद खतिवडा
१०. सदस्य श्री विशाल लुङ्गेली मगर
११. सदस्य श्री भेष कुमारी खनाल
१२. सदस्य श्री तुलसी अधिकारी
१३. सदस्य श्री दिल माया तामाङ
१४. सदस्य श्री जानुका घिताल
१५. सदस्य श्री रमेश भुजेल
१६. सदस्य श्री सृजना घले
१७. सदस्य सचिव श्री नविन गङतान लामा - प्रमुख प्रशासकीय अधिकृत

अन्य आमन्त्रित

# बैठक संख्या: ९, मिति: २०८१ चैत्र १२
## निर्णयहरु

**प्रस्ताव नं. १ - अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**
**निर्णय:** अघिल्लो बैठकमा भएका विविध निर्णयहरुमाथि आवश्यक समिक्षात्मक छलफल गरियो ।
**प्रस्ताव नं. २ - दैनिक ज्यालादारीको कर्मचारीहरुको सम्झौता थप तथा भुक्तानी सम्बन्धमा।**
**निर्णय:** यस गाउँपालिकामा दैनिक ज्यालादारीमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरु २०८१ मंसिर मसान्त सम्म मात्र रहेकोले निजहरुलाई २०८२ असार मसान्त सम्मका लागी काममा लगाउने र हाजिरी बमोजिम ज्याला रकम भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र सं | नाम थर | ठेगाना | पद | दैनिक ज्यालादारी रकम रु. | बजेट श्रोत |
|---|---|---|---|---|---|
| १ | प्रशान्त मगर | गल्छी -८ | एम्बुलेन्स चालक | ९२०/- | गा.पा. आन्तरिक श्रोत |
| २ | रामकृष्ण गिरी | गल्छी -१ | सरसफाइ कर्मी | ५५०/- | वडाको कार्यक्रम |
| ३ | सुब्बा सुनार | गल्छी -७ | सिंचाई हेरालु | ५४०/- | वडाको कार्यक्रम |
| ४ | प्रदिप रिमाल | गल्छी -७ | सिंचाई हेरालु | ५४०/- | वडाको कार्यक्रम |
| ५ | विष्णु तामाङ | गल्छी -७ | ग्रामीण सडक हेरालु | ५४०/- | वडाको कार्यक्रम |
| ६ | राम बहादुर तामाङ | गल्छी -७ | ग्रामीण सडक हेरालु | ५४०/- | वडाको कार्यक्रम |
| ७ | आइते सार्की | गल्छी -७ | लेवर (ज्यामी) | ६५०/- | विपद् व्यवस्थापन कोष |
| ८ | बसन्तलाल श्रेष्ठ | गल्छी -७ | लेवर (ज्यामी) | ६५०/- | विपद् व्यवस्थापन कोष |
| ९ | रमेश खड्का | सिन्धुपाल्चोक | स्वीपर | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| १० | यदु कुमार खतिवडा | गल्छी १ | सरसफाई कर्मचारी | ५९४/ | गा.पा. आन्तरिक श्रोत |
| ११ | देवकी दमाइ | नुवाकोट | सरसफाई कर्मचारी | ३००/- | गा.पा. आन्तरिक श्रोत |
| १२ | इश्वर नेपाली | गल्छी १ | फिल्ड सुपरभाइजर | ९५०/- | गा.पा. आन्तरिक श्रोत |
| १३ | नर्से रम्तेल | गल्छी ६ | लेवर (ज्यामी) | ६५०/- | विपद् व्यवस्थापन कोष |
| १४ | गोपाल बहादुर सार्की | गल्छी ६ | लेवर (ज्यामी) | ६५०/- | विपद् व्यवस्थापन कोष |
| १५ | सन्त बहादुर सार्की | गल्छी ६ | लेवर (ज्यामी) | ६५०/- | विपद् व्यवस्थापन कोष |
| १६ | राज कुमार भेटवाल | गल्छी ४ | लेवर (ज्यामी) | ५४०/- | विपद् व्यवस्थापन कोष |
| १७ | कर्ण बहादुर लामा | गल्छी ४ | लेवर (ज्यामी) | ५४०/- | विपद् व्यवस्थापन कोष |
| १८ | बलराम भण्डारी | गल्छी ४ | लेवर (ज्यामी) | ५४०/- | वडाको कार्यक्रम |
| १९ | रविन्द्र नेपाल | गल्छी - १ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २० | सुनिता नेपाल | गल्छी - ८ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २१ | अमर लामा | गल्छी - ८ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २२ | शिवराज रिमाल | गल्छी - ६ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २३ | जयराम खतिवडा | गल्छी - १ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २४ | रुपेश भुजेल | गल्छी - ६ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २५ | मनोज श्रेष्ठ | गल्छी - ६ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २६ | कपिल अधिकारी | गल्छी - २ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २७ | विजय खतिवडा | गल्छी - ७ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २८ | दिपेश नेपाल | गल्छी - ४ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| २९ | सुरेन्द्र तामाङव | गल्छी - ५ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| ३० | दिपेश अधिकारी | गल्छी - ८ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| ३१ | नवराज गोतम | गल्छी - ७ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| ३२ | रामकृष्ण गन्द्रमा मगर | गल्छी - २ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |
| ३३ | राजु अधिकारी | गल्छी - ४ | कर संकलक | ८००/- | गा.पा. आन्तरिक श्रोत |

**प्रस्ताव नं. ३ - सेभेन स्टार निर्माण कम्पनी प्रा.लि.को भ्याट रकम भुक्तानी सम्बन्धमा ।**
**निर्णय:** यस गाउँपालिकको आर्थिक वर्ष २०८०।८१ मा सेभेन स्टार निर्माण कम्पनी प्रा.लि. ले यस गाउँपालिकाको वडा नम्बर ४ मा खानेपानीसँग सम्बन्धित काम सम्पन्न गरे पश्चात भुक्तानी हुँदा भ्याट रकम

## बैठक संख्या: ९, मिति: २०८१ चैत्र १२
## निर्णयहरु

रु. ९८,८०५।- **EFT** गरेता पनि सफल हुन नसकि फिर्ता भएकोले गाउँपालिकको अन्य पुँजीगत परामर्श शिर्षकबाट आन्तरिक राजश्व कार्यालयलाई भ्याट रकम भुक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ - नव निर्मित प्रशासकिय भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई बोनस दिने सम्बन्धमा।**

**निर्णय:** गाउँपालिकाको प्रशासकिय भवन निर्माणको लागी यस गाउँपालिका र ओम बौद्धनाथ जयज्योती जेभी विच सम्झौता भए अनुसार मिति २०८२ असार १५ गते सम्म सम्पन्न गर्नु पर्ने गरी सम्झौता भएकोमा उक्त निर्माण व्यवसायीले २०८१ माघ १३ गते सम्पन्न गरि भवन हस्तान्तरण समेत गरिसकेकोले प्राविधिक तथा परामर्शदाता द्वारा जाँचपास गर्दा भवन सञ्चालन योग्य पाइएकोले म्याद भन्दा अगावै कार्य सम्पन्न भएको हुदा सम्झौताको **Special Conditions of Contract (SCC)** को बुदा नम्बर ५६.१ बमोजिम बोनस सम्बन्धी व्यवस्था भए अनुसार जम्मा १५४ दिनको 0.05% को दरले कुल कार्य सम्पन्न रकमको १०% ले नबढ्ने गरी भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - बालमैत्री वडा घोषणा सम्बन्धमा।**

**निर्णय:** गल्छी गाउँपालिकामा वि.सं. २०७८ सालदेखि बालमैत्री स्थानीय शासन लागू भई सबै वडामा घोषणाको अन्तिम तयारीमा रहेको अवस्थामा वडा नं १, २ र ७ मा जिल्ला स्तरीय अनुगमन समितिद्वारा अनुगमन सम्पन्न भई मिति २०८१ चैत्र ५ मा जि.स.स.बाट घोषणाका लागि सहमति दिइएकोमा वि.सं. २०८१ चैत्र मसान्त भित्र तीनवटै वडा भव्य समारोहका बीच बालमैत्री घोषणा गर्ने र बाँकी वडाहरूलाई तत्काल अनुगमनको प्रक्रिया अगाडि बढाउनका लागि जिल्ला समन्वय समितिमा अनुरोध गर्ने निर्णय गरियो।साथै घोषणाका लागि कार्यक्रममा लाग्ने खर्चको लागि प्रत्येक वडा रु २ लाख भन्दा बढि नबढ्ने गरी बिल भर्पाई बमोजिम शिर्षक विविध कार्यक्रम खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ - केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली लागु गर्ने सम्बन्धमा।**

**निर्णय:** गृह मन्त्रालयद्वारा जारी गरिएको केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली यस गाउँपालिकाको सबै वडाहरुमा लागु गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ - तरकारी स्टल व्यवस्थापन एवं सञ्चालन गर्नका लागि गल्छी १ मा जग्गा खरिद सम्बन्धमा।**

**निर्णय:** यस गाउँपालिकाको वडा नम्बर १ मा तरकारी स्टल व्यवस्थापन एवं सञ्चालन प्रयोजनका लागी मिति २०८१ माघ २४ गतेको जग्गा दानमा उपलब्ध गराउने सम्बन्धी सूचना प्रकाशन गरिए बमोजिम जग्गा दान दिन इच्छुक जग्गा धनिहरुको कुनै पनि निबेदन दर्ता नभएकोले जग्गा खरिदका लागी यस गाउँपालिकाले मिति २०८१ फागुन ११ गते सूचना प्रकाशन गरे पश्चात गल्छी गाउँपालिका वडा नम्बर १ निवासी श्री बासुदेव खतिवडाबाट कल्लेरी १/क कित्ता नम्बर २१८ क्षेत्रफल ०-4-3-1 को जग्गा बिक्रि गर्न निवेदन प्राप्त भए दर्ता भएको हुँदा गाउँपालिकाको आन्तरिक आयबाट मुआब्जा लगायतका सबै खर्चहरु व्यहोरिने गरि उक्त जग्गा खरिद स्विकृतिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८ - खेस्टेखोला झो.पु.को रकम भुक्तानी सम्बन्धमा।**

**निर्णय:** खेस्टेखोला झो.पु. निर्माणको लागि मिति २०७९।१०।२५ मा सम्झौता भइ निर्माण कार्य सम्पन्न भएको र उक्त सम्झौता बमोजिम जम्मा लागतको १३% रकम गाउँपालिकाले व्यहोर्नु पर्ने उल्लेख भएको हुँदा सो रकम हालसम्म भुक्तानी दिन बाँकी रहेकोले रु. ५,७९,६१३।४८ रकम शिर्षक विविध खर्च खाताबाट भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. ९ - गल्छी गाउँपालिका, वडा नं ४ निवासी श्री आरोन्श अधिकारीको क्यान्सर उपचार सम्बन्धी आर्थिक सहयोग सम्बन्धमा।**

## बैठक संख्या: ९, मिति: २०८१ चैत्र १२
## निर्णयहरु

**निर्णय:** गल्छी गाउँपालिका, वडा नं ४ निवासी श्री आरोन्श अधिकारीलाई ब्लड क्यान्सर भइ कान्ती बाल अस्पताल, काठमाडौंमा उपचाररत भइरहेको हुँदा निजलाई वडाको सिफारिसको आधारमा रु. **५०,०००** रकम आर्थिक सहायता दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १० – प्रहरी चौकि बैरेनीको अस्थाई पोष्ट निर्माणको रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय:** यस गल्छी गाउँपालिका वडा नं. ६ मा रहेको बैरेनी प्रहरी चौकीको अस्थाइ पोष्ट निर्माण गर्दा प्राविधिक मुल्यांकन अनुसार रु. २५,१९७ देखिएकोले सो रकम शिर्षक मागमा आधारित विकास योजनाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ – १५ शैया अस्पताल र सो को परमार्श दाता र गुप्तेश्वरी पर्यटन पूर्वाधार निर्माणको म्याद थप सम्बन्धमा ।**

**निर्णय:** १५ शैया अस्पताल र सो को परमार्श दाता र गुप्तेश्वरी पर्यटन पूर्वाधार निर्माणको म्याद थप बैशाख मसान्त सम्म गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ - आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णय:** तपशील बमोजिमको व्यक्तिहरुलाई वडाको सिफारिसको आधारमा आर्थिक सहायता सम्बन्धी कार्यविधि अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.सं. | विरामीको नाम र ठेगाना | रकम | कैफियत |
|---|---|---|---|
| १ | तुलसा देवि पन्त- गल्छी ६ | **२००००।००** | |
| २ | बल बहादुर खतिवडा-गल्छी ३ | **३००००।००** | |
| ३ | विन्दा सार्की - गल्छी १ | **२००००।००** | खुट्टाको शल्यक्रिया |
| ४ | तेज बहादुर तामाङ - गल्छी ५ | **२००००।००** | गोठ आगलागी |
| ५ | सुस्मिता तामाङ - गल्छी ५ | **२००००।००** | खुट्टाको शल्यक्रिया |
| ६ | विपिन मल्ल - गल्छी ६ | **२००००।००** | काँधको शल्यक्रिया |
| ७ | सुस्मिता गैहे- गल्छी १ | **२००००।००** | ब्लड इन्फेक्सन |

**प्रस्ताव नं. १३ - वडा नम्बर ६ को खानेपानी व्यवस्थापन शिर्षकबाट रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय:** यस गाउँपालिकाको वडा नम्बर ६ को वडा सचिव श्री निता शर्मा र वडा नम्बर ६ निवासी श्री राजाराम अधिकारीबीच भएको सम्झौता अनुसार वडा नम्बर ६ भरि एक घर एक धारा कार्यक्रममा अन्तर्गत धारा जडान कार्य गरेकोमा वडाको सिफारिस बमोजिम रु २,००,०००।०० (अक्षरुपी दुई लाख) भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ - एस एस इन्जिनियरिङ कन्स्ट्रक्सन लाई ग्राभेल उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय:** यस गाउँपालिकाको **GRM/WORKS/NCB/81-82/04** को ठेक्काको निम्ति नदिजन्य ग्राभेल आवश्कय परेकोले निजको निबेदन बमोजिम बागमती प्रदेशको आर्थिक ऐन २०८१ मा उल्लेखित दरबमोजिम .......... बगरबाट नदिजन्य पद्धार्थ उपलब्ध गराउने निर्णय गरियो ।

## बैठक संख्या: ९, मिति: २०८१ चैत्र १२
## निर्णयहरु

**प्रस्ताव नं. १५ – जर्मन नेपाल सहयोग संघ र गल्छी गाउँपालिकाको साझेदारीमा विकासका लागि एकता कार्यक्रम सञ्चालन सम्बन्धमा।**

**निर्णय:** जर्मन नेपाल सहयोग संघ र गल्छी गाउँपालिकाको साझेदारीमा विकासका लागि एकता कार्यक्रम अन्तर्गत हुने मिति २०८१।१२।१३ देखि हुने घुम्ति शिविर सञ्चालन गर्नका लागि आवश्यक खाना तथा बसाइ लगायतका खर्च शिर्षक विविध खर्चबाट भुक्तानी गर्ने।

**प्रस्ताव नं. १६ – Construction of Academic block of Shree Bageshwori Secondary School (GRM/NCB/Works/1S2E/01/078/79 )को म्याद थप सम्बन्धमा ।**

**निर्णय:** गल्छी गाउँपालिका वडा नं ६ स्थित निर्माणाधीन Construction of Academic block of Shree Bageshwori Secondary School (GRM/NCB/Works/1S2E/01/078/79) योजनाको ठेक्काको म्याद २०८२ वैशाख मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ – कभर्ड हल निर्माण सम्बन्धमा ।**

**निर्णय:** प्रदेश सरकारबाट बहुउद्देशीय कभर्ड हल निर्माणको लागि बजेट विनियोजन भएकोले उक्त कभर्ड हल निर्माणको लागि गल्छी गाउँपालिका वडा नं १ को घर्तिटार स्थित थुम्कीडाँडामा रहेको सार्वजनिक स्थान निर्माण कार्यको लागि अनुमति दिने निर्णय गरियो।

**प्रस्ताव नं. १८ – योजना सम्बन्धमा ।**

**निर्णय:** गल्छी गाउँपालिकाको आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक बजेटको तपसिल बमोजिमको शिर्षकबाट तपसिल बमोजिमको योजनामा बजेट विनियोजन गरि आगामी गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | भुक्तानी रकम | भुक्तानी हुने शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | नयाँ गाउँ डाँडागाउँ लिफ्ट खानेपानी योजना, वडा नं ८ | ७,००,००० | खानेपानी योजना निर्माण | |
| २ | कल्लेरीटार सिँचाई नहर संरक्षण, वडा नं १ | २,५०,००० | साना सिँचाई | |
| ३ | रोपाङ्ग खोला जुडिटार सिंचाई कुलो मर्मत, वडा नं ७ | २,५०,००० | साना सिँचाई | |
| ४ | सोती खोला सिँचाई छोटेटार, वडा नं ३ | २,००,००० | साना सिँचाई | |
| ५ | जलकन्या आ.वि. घेराबार निर्माण, वडा नं ५ | २,५०,००० | मागमा आधारित विकास योजना | |
| ६ | बाढी पहिरोबाट घरबास क्षति भएकाहरुलाई राहत(श्री राजु यादि मगर, श्री यम कुमार विसुन्खे र श्री रामजी सार्की) | १,२०,००० | विपद् व्यवस्थापन कोष | |

# बैठक संख्या: ९, मिति: २०८१ चैत्र १२
## निर्णयहरु

**प्रस्ताव नं. १९ – अभिलेखिकरणको म्याद थप सम्बन्धमा ।**

**निर्णय:** गल्छी गाउँपालिका भित्र निर्माण भइसकेका संरचनाहरुको अभिलेखिकरण गर्नका लागि मिति २०८२ असार मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २० – गल्छी प्रहरी चौकीको रङ्गरोगन सम्बन्धमा ।**

**निर्णय:** गल्छी प्रहरी चौकीको कार्यालयमा लगाइएको रङ्गको प्राविधिकको लागत इष्टिमेट बमोजिम रु ९०३९४।५९ शिर्षक मागमा आधारित विकास योजनाबाट भुक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २१ – जिल्ला समन्वय समिति, धादिङसंगको वडा कार्यालय निर्माण सम्बन्धी भएको सम्झौता बमोजिमको रकम माग सम्बन्धमा ।**

**निर्णय:** जिल्ला समन्वय समिति, धादिङ र गल्छी गाउँपालिका बिच भएको सम्झौतामा तिन वटा वडाको प्रशासनिक भवन निर्माण लागत साझेदारीमा गर्ने उल्लेख रहेको। यद्यपि ६ नं वडा कार्यालय भनि सम्झौता भएतापनि निर्माण कार्य गर्दै जाँदा उक्त स्थानमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरिएको साथै बाँकी वडा कार्यालयहरुको पनि निर्माण कार्य सम्पन्न भइसकेको हुनाले सो रकम निकासाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २२ – नव-प्रवर्तन साझेदारी कोष सम्बन्धमा ।**

**निर्णय:** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फ नव-प्रवर्तन साझेदारी कोष (IPF) सम्बन्धि मिति २०८१/१२/१० गते 'अवधारणा-पत्र पेश गर्ने सम्बन्धी' सूचना प्रकाशीत भएअनुसार यस गाउँपालिकाबाट "Smart Agro-vet Business and Women's Garment Factory Development Program in Galchhi." परियोजनामा कम्तिमा रु. साठी लाख रकमको लागत साझेदारी गर्ने गरि अवधारणा-पत्र पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २३ – कार्यालय सहयोगीहरुको तलब सम्बन्धमा ।**

**निर्णय:** यस गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कार्यालय सहयोगीहरुको मासिक तलबमान मिति २०८१ माघ देखि रु. २४,७०२।(अक्षरुपी चौबिस हजार सात सय दुई रुपैया) कायम गर्ने निर्णय गरियो। साथै यस गाउँपालिकामा कार्य गर्दै आइरहेका सामाजिक परिचालक श्री तुलसा धितालको पनि मासिक तलबमान मिति २०८१ माघ देखि रु. २४,७०२।(अक्षरुपी चौबिस हजार सात सय दुई रुपैया) कायम गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २४ – सूचना प्रविधि अधिकृत सम्बन्धमा ।**

**निर्णय:** यस गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री सञ्जीव श्रेष्ठले राजिनामा दिइ उक्त पद रिक्त भएकोले अधिकृतस्तर सातौं तहको सूचना प्रविधि अधिकृत करारमा विज्ञापन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २५ – राजस्व सङ्कलन केन्द्र छतिवनटार गल्छी ७ को केन्द्रमा काम गर्न खटिएका कर्मचारीहरुलाई खाना खाजा खर्च सम्बन्धमा ।**

**निर्णय:** राजस्व सङ्कलन केन्द्र छतिवनटार गल्छी ७ को केन्द्रमा रकम संकलन गर्न खटिएका यस गाउँपालिका अन्तर्गतका कर्मचारीहरु श्री हरि प्रसाद अधिकारी र श्री श्रीराम खतिवडाको सट्टामा कर्मचारी श्री यज्ञ बहादुर बस्नेतलाई खाना खाजा बापत प्रति सिफ्टको रु २५० रुपैयाँ मात्र भुक्तानी दिने र श्री कृष्ण प्रसाद खतिवडालाई(~~छतिवनटार सँगै~~)अन्यत्र संकलन केन्द्र बाट समेत रकम संकलन गरेर ल्याउनु पर्ने हुँदा खटिएको दिनको खाना खाजा बापत दैनिक रु.४००।- मात्र भुक्तानी दिने निर्णय गरियो।